

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ २४ गते बिहीबार ❑ 6 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## त्रिभुज परियोजना देशकै महत्वपूर्ण: प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बजेटका अधिकांश प्रावधान सबै प्रदेशका साझा भए पनि गण्डकीमा महत्वपूर्ण र ऐतिहासिक योजना कार्यान्वयन गर्न लागिएको जानकारी दिनुभएको छ।

नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेशद्वारा बुधबार पोखरामा आयोजित पार्टी प्रशिक्षणमा उहाँले प्रदेशका विकासमा महत्वपूर्ण योगदान पुग्ने गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् बजेट निर्माण भएको बताउनुभयो।

उहाँले आव २०८१/८२ को बजेटले कृषिको रूपान्तरण, ऊर्जाको विकास, सूचना प्रविधिको विकास, पर्यटन प्रवर्द्धन र उद्यमशीलता र औद्योगिक विकासलाई विशेष प्राथमिकतामा राखेको उहाँले जानकारी दिनुभयो । "भरतपुर, बुटवल र पोखरालाई गण्डकी त्रिभुज परियोजनाको रूपमा विकास गरिने छ," प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "यो परियोजना मुलुककै महत्वपूर्ण र ऐतिहासिक हुनेछ।"म्याग्दी, मुस्ताङ, मनाङ र गोरखाको हिमाली क्षेत्रमा कस्तुरी-मृग लगायतका वन्यजन्तुपालन गर्ने व्यावसायिक फार्म स्थापना गर्नेगरी नयाँ सोचका साथ



बजेट निर्माण गरिएको उहाँले बताउनुभयो।

देशकै 'लोड सेन्टर'मा रहेको एक हजार दुई सय मेगावाटको बूढीगण्डकी आयोजनाको निर्माण सुरु गर्ने र यस परियोजनाले देशकै ऊर्जा क्षेत्रमा दीर्घकालीन फाइदा हुने उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले ४२ मेगावाटको मोदी 'ए' जलविद्युत् आयोजनाको निर्माण सुरु गरिने जानकारी दिनुभयो । मुक्तिनाथ दर्शनयातायात सेवा सञ्चालन गरी तीर्थयात्रीलाई सहज रूपमा प्रमुख धार्मिकस्थल दर्शन गर्ने व्यवस्था मिलाउने योजनासहित सरकारले बजेट विनियोजन गरेको उल्लेख गर्दै उहाँले गुरिल्ला ट्रेल लगायतका पर्यटकीय पूर्वाधारको विकास गर्ने, गण्डकीलाई पर्यटनको 'हब' बनाउने महत्वपूर्ण काम अगाडि बढाइने बताउनुभयो।

प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "भौतिक पूर्वाधारको क्षेत्रलाई पनि सरकारले विशेष प्राथमिकतामा राखेको छ। मुग्लिङ-पोखरा सडक खण्डको विस्तार कार्य सम्पन्न गर्ने, बुटवल-पोखरा सडक खण्डलाई डेडिकेटेड दुई लेनमा स्तरोन्नति गरिने गरी सरकार अगाडि बढेको छ । घरेलु मदिराको उत्पादन, ब्राण्डिङ, बजारीकरण गर्ने एवं बन्दीपुरको इतिहास, संस्कृति, भाषा र सभ्यतालाई संरक्षण र सम्वर्द्धन गर्न विविध कार्यक्रम सञ्चाल गरिने छ। तनहुँको चुँदी रम्घामा सबै नेपाली भाषाभाषिका मूर्धन्य स्रष्टाको प्रतिमा र सप्तधामसहितको भानु साहित्य उद्यान स्थापना गर्ने छ।" गोरखामा राजतन्त्रदेखि गणतन्त्रसम्मको अभिलेख रहने गरी ऐतिहासिक सङ्ग्रहालय निर्माण, मुस्ताङमा वायु गुणस्तरमापन केन्द्र विस्तार, टाकुरा पर्यटकीय गन्तव्यको विकास जस्ता कार्यक्रमले यस क्षेत्रमा रोजगारी सिर्जना गर्नुका साथै आयआर्जनमा सहयोग गर्ने प्रधानमन्त्री प्रचण्डले विश्वास व्यक्त गर्नुभयो । पोखरामा मेडिकल कलेज स्थापना गर्ने कार्य अघि बढाउने, पोखरा प्रादेशिक अस्पतालको क्षमता पाच सय शय्यामा विस्तार गरने, मध्यपहाडी पुष्पलाल लोकमार्गको निर्माण कार्यलाई तीव्रता दिने र गोरखाको लिगलिगकोट, भच्चेक, बारपाक, बुङकोट, गोरखाबजार, मनकामना, बेनीघाटसम्म पड्वेयातायात प्रणालीको सम्भाव्यता अध्ययन गरी निर्माणकार्य अगाडि बढाइने तयारीसहित बजेटको व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो।

पोखरामा एकीकृत सहरी पूर्वाधार विकास, नवलपरासी बर्दघाट सुस्तापूर्व जिल्ला सदरमुकामको प्रशासनिक केन्द्रको पूर्वाधार निर्माणलाई प्राथमिकता, गोरखकाली रबर उद्योगलगायतका उद्योग सार्वजनिक-निजी साझेदारीमा सञ्चालनमा ल्याउने कार्यक्रम यस क्षेत्रका लागि थप महत्वपूर्ण हुने प्रधानमन्त्री प्रचण्डले विश्वास व्यक्त गर्नुभयो।

## सडक दुर्घटना न्यूनीकरण गर्न सबैको साथ आवश्यक : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सडक दुर्घटना न्यूनीकरणका लागि सबै क्षेत्रबाट सकारात्मक पहलकदमी हुनुपर्नेमा जोड दिनुभएको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गगनगौडा कास्कीको आयोजनामा बुधबार तनहुँको शुक्लागण्डकी-४ दुलेगौँडामा भएको सवारी दुर्घटना व्यवस्थापन नमूना अभ्यास कार्यक्रममा मुख्यमन्त्री पाण्डेले सवारी दुर्घटना न्यूनीकरणका लागि सबै क्षेत्रको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो। "दुर्घटना न्यूनीकरणका लागि सबै तहतप्काबाट पहल हुनुपर्छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "त्यसैले दुर्घटना न्यूनीकरणका लागि गण्डकी प्रदेशमा सचेतना फैलाउने कार्यमा प्रदेश सरकार जुटेको छ ।" सवारी दुर्घटनामा ट्राफिक प्रहरीले कसरी घाइतेको उद्धार गर्छ भन्ने बारेमा



नमूना अभ्यास गरिएको थियो । अभ्यासका क्रममा प्रहरी र स्थानीय सहभागी भएका थिए। दुर्घटनामा मृतकका परिवारले क्षतिपूर्तिका लागि गर्ने आन्दोलनले असहज परिस्थिति सृजना हुनसक्ने समेत नमूना अभ्यासमा देखाइएको थियो। कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, नागरिक समाज र विद्यार्थीलगायतको उपस्थिति थियो। प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम र शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले सवारी दुर्घटना न्यूनीकरणका लागि सडक, सवारी र चालकको महत्वपूर्ण भूमिका रहने बताउनुभएको थियो। गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक दुर्गा सिंहले प्रहरीले जहिले पनि समाजमा हुनसक्ने दुर्घटना न्यूनीकरणका लागि अग्रसर रहँदै आएको बताउनुभयो। नेपालमा सडकको विकल्प नभएकाले सवारीसाधन दुर्घटना दर उच्च रहेको उहाँको भनाइ छ। मुलुकमा प्रत्येक वर्ष दुई हजार छ सय जनाको सवारी दुर्घटनाबाट मृत्यु हुने र १५ हजार घाइते हुने गरेको तथ्याङ्क उहाँले प्रस्तुत गर्नुभएको थियो।

## पोखरामा मेडिकल कलेज सञ्चालन गर्ने निर्णय महत्वपूर्ण छ : प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पोखरा मेडिकल कलेज सञ्चालनमा आएपछि प्रतिष्ठान चिकित्सा शिक्षाका लागि मुलुककै सबल र भरपर्दो संस्थाका रूपमा विकसित हुने बताउनुभएको छ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको सातौँ सभालाई बुधबार पोखरामा सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री दाहालले आगामी आर्थिक वर्षदेखि एमबिबिएस तहमा अध्ययनअध्यापन गराउने प्रतिष्ठानको उद्देश्य पूरा भएकाले व्यवस्थित कार्यतालिकासहित प्रतिष्ठानका काम




अगाडि बढाउन निर्देशन दिनुभयो।

"चिकित्सा शिक्षातर्फ स्नातकोत्तर तह सञ्चालनमा आएपछि प्रतिष्ठान चिकित्सा शिक्षाका लागि मुलुककै सबल र भरपर्दो संस्थाका रूपमा विकसित हुने सरकारको अपेक्षा छ," प्रधानमन्त्री दाहालले भन्नुभयो, "आगामी आर्थिक वर्षदेखि एमबिबिएस तहमा अध्ययनअध्यापन गराउने प्रतिष्ठानको उद्देश्य पूरा भएकाले व्यवस्थित कार्यतालिकासहित प्रतिष्ठानका काम अगाडि बढाइनेछ।" भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा तथा समग्र देशकै लागि


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गण्डकीमा 'पिबिएम' प्रणालीबाट पाँच सडक कालोपत्र हुँदै

**रासस**
पोखरा, २३ जेठ

गण्डकी प्रदेशमा पहिलोपटक 'परफरमेन्स बेस्ड मेन्टिनेन्स प्रोजेक्ट' (पिबिएम) मोडेलको ठेक्काबाट सडक आयोजना कार्यान्वयन गरिएको छ । प्रदेश सरकारको चालु आर्थिक वर्षको ग्रामीण सडक सञ्जाल सुधार आयोजना (आरसिआइपी)मा उक्त मोडेल लागू गरिएको आयोजना प्रमुख सिनियर डिभिजनल इन्जिनियर लक्ष्मीप्रसाद भण्डारीले जानकारी दिनुभयो।

"दुई वर्षभित्र सडक निर्माण सम्पन्न गर्ने र थप तीन वर्ष ठेकेदार कम्पनीमार्फत मर्मतसम्भार गर्ने नयाँ अवधारणअनुसार आयोजना कार्यान्वयन गरिएको छ", उहाँले भन्नुभयो, "पिबिएम ठेक्का मोडल नेपालमा नयाँ अवधारणा हो । गण्डकी प्रदेशमा पहिलोपटक यो प्रक्रियाबाट ठेक्का कार्यान्वयनमा ल्याइएको छ ।" हाल प्रचलनमा रहेको ठेक्का सम्झौताअनुसार निर्माण सकेर हस्तान्तरण भएको एक वर्षसम्म सम्बन्धित निर्माण कम्पनीले आफ्नै खर्चमा आयोजना मर्मतसम्भार गर्दै आएका छन् । पिबिएम मोडेलको ठेक्कामा मर्मतका लागि छुट्टै बजेट राखिएको छ । सडक आयोजनाको दिगोपनाका लागि नयाँ अवधारणाको ठेक्का मोडेल अपनाएको आयोजना प्रमुख भण्डारीले बताउनुभयो।

एशियाली विकास बैंकको ८७ दशमलव ५ र नेपाल सरकारको १२ दशमलव ५ प्रतिशत लागत साझेदारीमा प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले आयोजना कार्यान्वयन गरेको हो। व्यवस्थापनतर्फ प्रदेश सरकार र एशियाली विकास बैंकको ५०/५० प्रतिशत लागत साझेदारी रहेको आयोजनामार्फत बागलुङ, पर्वत, कास्की, गोरखा र नवलपुर जिल्लामा ८७ दशमलव ५ किलोमिटर सडक कालोपत्र गर्न लागिएको हो।

मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास निर्देशनालयका निमित्त निर्देशक डा महेन्द्र बानियाँले ग्रामीण क्षेत्रका सडक स्तरोन्नति गरी आवागमनलाई सहज बनाउने र गाउँमा उत्पादन भएको कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण गर्ने उद्देश्यले दीर्घकालीन प्रतिफल दिने सडक आयोजना छनोट गरेर स्तरोन्नति थालिएको बताउनुभयो। पाँचमध्ये तीन वटा सडकआयोजनाकोठेक्कासम्झौता भइसकेको मन्त्रालयले जनाएको छ । बागलुङ नगरपालिकाको अदालतचौतारी-तित्याङ-सालबोट-दह-भकुण्डे-रायडाँडा-दमेक-बरेङ सडक आयोजनाको १५ किलोमिटर सिङ्गल लेन डिबिएसटी प्रविधिको कालोपत्र गर्न तुण्डी-विडारी जेभीसँग रु ३१ करोड ९६ लाख ३५ हजारमा ठेक्का सम्झौता भएको आयोजना प्रमुख शर्माले जानकारी दिनुभयो। रु ५४ करोड २७ लाख २३ हजार दुई सय ८० लागत अनुमान गरिएको उक्त सडक निर्माणका लागि गत चैत १२ गते ठेक्का सम्झौता भएको थियो। ठेकेदार कम्पनीका प्रतिनिधि ध्रुवराज विडारीले नाली बनाउने, सडक फराकिलो पार्ने, पर्खाल लगाउनेलगायत काम सुरु गरिएको बताउनुभयो।

विसं २०५८ मा ट्र्याक खुलेको उक्त सडक अहिलेसम्म कालोपत्र हुन सकेको थिएन । बागलुङ-१ (१) बाट निर्वाचित प्रदेशसभा सदस्य दीपेन्द्रबहादुर थापाले निर्माण कम्पनीले समयमै कामसक्ने प्रतिबद्धता जनाएकाले सडक निर्माण हुनेमा आशा जागेको बताउनुभयो । "सडकको ट्र्याक खुलेको दुई दशक बढी हुँदा पनि यो सडक कालोपत्र हुन सकेको थिएन, आरसिआइपीमार्फत सडकको काम अगाडि बढेको छ", उहाँले भन्नुभयो, "प्रदेश सरकारबाट आगामी आवका लागि थप बजेट ल्याउन हाम्रो पहल हुन्छ ।" बागलुङका तीन स्थानीय तह हुँदै छिमेकी जिल्ला गुल्मी जोड्ने उक्त सडकलाई प्रदेश सरकारले रणनीतिक महत्वको सडकका रुपमा लिएको छ।

पर्वतको मोदी गाउँपालिकाको पातीचौर-बाजुङ-क्याङ-नागी सडक आयोजनाको १८ किमी सिङ्गल लेन डिबिएसटी प्रविधिको कालोपत्र गर्न रु ५४ करोड ९० लाख ४२ हजारमा ठेक्का सम्झौता गरिएको छ । सडक निर्माणका लागि बानियाँ निर्माण सेवाले संयुक्त फिल्ड सर्भे थालेको छ। कूल लागत अनुमान रु ८७ करोड १२ लाख ४४ हजार रहेको यस आयोजना निर्माणको ठेक्का अवधि दुई वर्षको छ।

यसैगरी गोरखाको अबुवा-बिर्दी-सेराबगर-पौवाटार सडक आयोजनाको १५ दशमलव ५५ किमी डिबिएसटी कालोपत्र गर्न रु ३० करोड ६१ लाख २५ हजारमा ठेक्का लगाइएको छ । भिबिइपिएल-एसिएल जेभीले निर्माणको जिम्मा पाएको यस आयोजनाको कूल लागत अनुमान रु ५६ करोड ६७ लाख ६९ हजार चार सय २३ रहेको थियो । कास्कीको माछापुच्छ्रे गाउँपालिकाको पर्यटकीय गाउँ धम्पुस जोड्ने घट्टेखोला-घम्पुस १३ दशमलव ३ किमी सडक कालोपत्र गर्ने योजनाका लागि एशियाली विकास बैंकबाट स्वीकृति पाउनेबित्तिकै ठेक्का आह्वान गर्ने तयारी भएको आयोजना प्रमुख भण्डारीले बताउनुभयो । डिबिएसडी प्रविधिको कालोपत्र गरिने यस सडकको कूल लागत अनुमानरु४४करोडछ।नवलपुरको आलोक चक्रपथअन्तर्गत डण्डा-झ्यालबास आठ दशमलव पाँच किमी सडक कालोपत्र गर्ने आयोजना कार्यान्वयनका लागि रुख कटानको आदेश


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा १३ को कृषि जैविक विविधता प्रदर्शनी मेला सकियो

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ



पोखरा महानगरपालिकामा भएको 'कृषि जैविक विविधता प्रदर्शनी मेला-२०८१' मा सकिएको छ ।

४३ औँ विश्व वातावरण दिवसको अवसरमा पोखरा-१३ को कृषि सञ्जाल, पोखरा महानगरको कृषि महाशाखा, नमुना प्राङ्गारिक कृषि सहकारी संस्था आर्वा र जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (लि-बर्ड) को संयुक्त आयोजनामा मेला भएको थियो । मेलामा रहेका १० स्टलमा पोखरा १३ मा पाइने रैथाने बालीहरु राखिएको थियो ।

नयाँ पुस्तालाई कृषि जैविक विविधतासँगै वातावरणको महत्व बुझाउनका लागि मेला आयोजना गरिएको लि-बर्डका कार्यक्रम अधिकृत तथा मेला संयोजक विष्णु भषालले बताए । मेलामा कृषि जैविक विविधतामा सहयोग गर्ने गित प्रतियोगिता, बीउ साटासाट, माटो शिविरको कार्यक्रम राखेको उनले जानकारी दिए । पोखरा १३ का वडाध्यक्ष किरण बरालले आफ्नो वडामा भएको कृषि जैविकता संरक्षणका लागि विभिन्न कार्यक्रम गरिरहेको बताए । सोही अनुसार वडामा कृषि जैविक विविधता प्रदर्शनी मेला आयोजना गरिएको उनले सुनाए । 'आज वातावरण दिवस केही न केही कार्यक्रम गर्नुपर्छ भन्ने थियो । त्यसका लागि हामीले हाम्रो क्षेत्रमा भइरहेका जैविक विविधतालाई संरक्षण गर्ने गरी यो दिवस मनाउनुपर्छ भन्ने लाग्यो । अनि कृषि महाशाखा, लिबर्ड र नमुना प्राङ्गारिक कृषि सहकारीको सहकार्यमा यो मेला गरेका हौं,' उनले भने, 'जैविकता जोगाउन सकियो भने वातावरण जोगिन्छ भनेर गरिएको कार्यक्रमले कृषकलाई राहत मिल्नेछ भन्नेमा ढुक्क छु ।' यसका लागि कृषकलाई आगामी दिनमा पनि सहयोग गर्न तयार रहेको उनले प्रतिवद्धता जनाए ।

कृषि जैविक विविधता गित प्रतियोगितामा नमुना प्रथम

मेलामा आयोजना गरिएको कृषि जैविक विविधता गित प्रतियोगितामा नमुना प्राङ्गारिक कृषक समुह प्रथम भएको छ ।

प्रथम भएको समुहले नगद ६ हजार रुपैयाँ पुरस्कार प्राप्त गऱ्यो । भने, द्वितिय भएको मणिदिप कृषक समुहले नगद ५ हजार रुपैयाँ पायो । यस्तै तृतिय भएको पिपलडाली काफलबारी कृषक समुह बन्यो । तृतिय भएको समुहले ४ हजार पुरस्कार पाएको थियो । भने, प्रतियोगितामा सहभागी भएको अन्य ७ समुहलाई प्रोत्साहन स्वरुप ३/३ हजार दिइएको कृषि सञ्जाल पोखरा १३ का अध्यक्ष टेकनाथ बरालले जानकारी दिए ।

प्रतियोगितामा भाग लिएको विद्यालयको समुहलाई पनि प्रति विद्यालय २५/२५ सय रुपैयाँ प्रोत्साहन पुरस्कार दिइएको उनले बताए । भने, सहभागी सबैलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।



वालगोपाल भजन कृतन सेवा समिति भद्रकालीमा : विश्व वातावरण दिवसको अवसरमा पोखरा महानगरपालिका वडा नं १३ गौडाकोमुख स्थित वालगोपाल भजन कृतन सेवा समितिले भद्रकाली मन्दिर परिसरमा बुधवार बृक्षारोपण गरेको छ । श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति १२/१३का अध्यक्ष योगेन्द्रमान श्रेष्ठ र समितिका कार्यसमिति मिलेर विरुवा रोपी कार्यक्रम शुरु गरिएको थियो । रंगिन पात हुने क्रोटन जातका ४५ वटा फूलहरु रोपिएको थियो । वालगोपाल भजन कृतन सोवा समितिका अध्यक्ष माधवनारायण श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा समितिका उपाध्यक्ष दया कुमार ढ्वाले स्वागत र सचिव कल्याणकुमार ढेवाजूले कार्यक्रम संचालन गरेका थिए । समितिका सदस्यहरुले आँफुले रोपेका विरुवा समय समयमा गएर आँफैले सरंक्षण गर्ने प्रतिवद्धता गरेका छन् ।     फोटो-पोखरापत्र

## गण्डकी ...

प्राप्तिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा फाइल पुगेको जनाइएको छ । दुई लेनको अस्फाल्ट प्रविधिको कालोपत्र गर्ने लक्ष्य राखिएको यस सडकको लागत अनुमान रु ६६ करोड रहेको आयोजना प्रमुख शर्माले जानकारी दिनुभयो । प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु छ करोड बजेट विनियोजन गरेको यस आयोजनामा एशियाली विकास बैंकबाट रु एक अर्ब ११ करोड खर्च गर्दैछ । आयोजना व्यवस्थापनमा प्रदेश सरकारको ५० प्रतिशत र एशियाली विकास बैंकको ५० प्रतिशत लगानी रहेको छ । एशियाली विकास बैंकको सहुलियत ब्याजदरको रु १० करोड अमेरिकी डलर अनुदानमा गण्डकीसहित वाग्मती, कोशी, कर्णाली र लुम्बिनी प्रदेशमा सन् २०२८ सम्मका लागि ग्रामिण सडक सञ्जाल सुधार आयोजना लागू भएको छ । यस आयोजनामार्फत देशभर तीन सय ४४ किमी ग्रामीण सडक कालोपत्रसहित स्तरोन्नति गर्ने लक्ष्य लिइएको छ ।

## पोखरामा ...

दक्ष चिकित्सक उत्पादनमा यस प्रतिष्ठानले खेलेको भूमिका सबै प्रतिष्ठानका लागि अनुकरणीय रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्रतिष्ठानको विकास, विस्तार र उनन्नयनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभयो । अर्थतन्त्रमा विद्यमान दबाब र स्रोत विनियोजनमा देखिएको सङ्कुचनबीच पनि सरकारले प्रतिष्ठानको विकास र सेवा विस्तारलाई प्राथमिकता दिएको उहाँको भनाइ छ । प्रतिष्ठान चिकित्सा शिक्षातर्फ देशकै लागि उदाहरणीय शैक्षिक संस्थाका रूपमा स्थापित हुने प्रधानमन्त्री दाहालले विश्वास व्यक्त गर्दै यसको अधिकतम उपयोग गर्न आग्रह गर्नुभयो ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले विगतमा समेत सबै राजनीतिक दल, सामाजिक सङ्घ संस्था, स्वास्थ्य क्षेत्रसँग सरोकार राख्ने विज्ञहरूलगायत सबैसँग सहकार्य गर्दै अगाडि बढेको स्मरण गर्दै प्रधानमन्त्री दाहालले सहकार्यका आधारमा पोखरेलीको गौरवको यस परियोजनालाई सफल पार्नुपर्नेमा जोड दिनुभयो ।

# 'सौन्दर्यकला: पढाई सकेको भोलिपल्टदेखि कमाउन सकिन्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ



गैह्रापाटनस्थित पश्चिमाञ्चल माविले दिलाएको एकहप्ते सेल्फ मेकअप (स्किन केयर) सम्बन्धी निशुल्क तालिम मंगलबार सकिएको छ । माध्यमिक शिक्षा परीक्षा (एसइइ) दिएका विद्यार्थीलाई लक्षित गर्दै विद्यालयले तालिम दिएको थियो । तालिममा ५० जना विद्यार्थी सहभागि थिए ।

विद्यालयका प्राचार्य सरोज कोइरालाका अनुसार सौन्दर्यकलाको क्षेत्रमा पछिल्लो समय भविश्य खोज्ने धेरै युवायुवती छन । उनीहरुलाई सौन्दर्य कलाको क्षेत्रमा आकर्षण बढाउन विद्यालयको सामाजिक उत्तरदायित्व अन्तर्गत यो प्रशिक्षण दिइएको हो । पश्चिमाञ्चल माविले आगामि शैक्षिक सत्रदेखि कक्षा ११ मा सौन्दर्य तथा केश कला विषयको पढाइ सुरु गर्न थालेको पनि उनले बताए । 'पछिल्लो समय सौन्दर्य कलाको क्षेत्रमा भविश्य खोज्ने युवायुवती पर्याप्त छन । उनीहरुलाई यो क्षेत्रमा प्रवेशका लागि सहज बनाउन विद्यालयले निशुल्क तालिम दिएको हो,' प्राचार्य कोइरालाले भने । उनका अनुसार सौन्दर्य कलाले युवायुवतीलाई स्वरोजगार बनाउन पनि सघाएको छ । 'सौन्दर्य कलाको क्षेत्रमा सबैतिर माग बढेपछि पश्चिमाञ्चल माविले सरकारले तोकेको पाठ्यक्रम अध्यापन गराउनेगरि यो वर्षदेखि आधिकारिक रुपमा अध्यापन पनि गराउन थालेको छ,' उनले भने । समापन अवसरमा सौन्दर्य कला संघकी केन्द्रीय अध्यक्ष कमला श्रेष्ठले विद्यार्थीलाई सहजै स्वरोजगार बनाउनका लागि सौन्दर्यकला क्षेत्र महत्वपूर्ण रहेको बताईन । श्रेष्ठले भनिन, 'केहीवर्ष अघिसम्म सौन्दर्य कलासम्बन्धि पेशालाई समाजले खासै बुझेको थिएन । चाँसो पनि लिएको थिएन । तर, अहिले यो व्यावसायिक बनेको छ,' श्रेष्ठले भनिन, 'म पनि निकै नै मेहनत र परिश्रमका साथ यो क्षेत्रमा प्रवेश गरेकी हुँ । अहिले यो क्षेत्र व्यावसायिक बनेको छ ।' सौन्दर्य कलाको माग अहिले नेपालमा मात्र नभई विदेशमा झनै बढी रहेको उनले बताईन । ' अहिले तालिमको भरमा धेरै महिला र पुरुषले सौन्दर्य कलालाई व्यावसायिक बनाएका छन । तर, यसलाई शैक्षिक पाठयमक्रममार्फत समेट्दा अझै बढी प्रभावकारी हुनेछ,' उनले भनिन । अहिले अमेरिका, अस्ट्रेलियामा गएका धेरै महिला (पढ्न बाहेक)ले सौन्दर्य कलालाई मुख्य सीप बनाएको उनले बताईन । पोखराकै आइरिस हेयर एण्ड ब्युटी केयर प्रालि. सँगको सहकार्यमा विद्यालयले तालिम दिएको हो । पश्चिमाञ्चल माविमा सैद्धान्तिक र आइरिस हेयर एण्ड ब्युटी केयरमा प्रयोगात्मक अभ्यास हुनेछ । एकसाता अवधिको यो तालिमले सुरुवाती चरणको सेल्फ मेकअप सम्बन्धि ज्ञान दिलाएको आइरिस हेयर एण्ड ब्युटी केयर प्रालिकी संचालक सोनम गुरुङले बताईन । विद्यालयका उच्च मावि संयोजक देव क्षेत्रीले एकसाताको तालिम पर्याप्त नभएपनि यही तालिमले विद्यार्थीलाई स्वरोजगार बन्न प्रेरणा दिने बताए । विद्यालयका अध्यक्ष प्राडा रामनाथ ओझाका अनुसार विद्यालयले आगामि शैक्षिक सत्रदेखि कक्षा ११ र १२ (प्लस टु) मा सौन्दर्य तथा केश कला विषयको पढाइ सुरु गर्न थालेको जानकारी दिए । उनले बढी भन्दा बढी प्रयोगात्मक शिक्षा दिएर विद्यार्थीलाई व्यावसायिकतामा धकेल्ने प्रयास गर्ने बताए । 'अध्यापन सकेको भोलिपल्ट कमाउन सक्ने गरि सक्षम बनाउने प्रयास विद्यालयले गर्नेछ,' ओझाले भने, 'बेरोजगार बस्नुपर्ने अवस्था पक्कै आउँदैन । सीप र जाँगर एक कमाउन नसक्ने कोही हुँदैन ।' विद्यालयकी सह प्राचार्य मिनु श्रेष्ठ कुँवरले एसइइ पछि अब कता जाने भनेर सोच्ने बेला भएका विद्यार्थीलाई भविश्य हेरेर अघि बढ्न सुझाव दिइन ।

विस २०४९ मा स्थापना भएको पश्चिमाञ्चल माध्यमिक विद्यालयमा हाल नर्सरीदेखि १२ कक्षासम्मका कक्षाहरू सञ्चालन भइरहेका छन् । हालसम्म कक्षा ११ र १२ मा व्यवस्थापन, होटल व्यवस्थापन, विज्ञान, मानविकी र कानुन विषयको अध्ययन अध्यापन हुँदै आइरहेको छ ।

# समाजवादको आधार तयार पार्न परिवर्तनका उपलब्धिको रक्षा गर्नुपर्छः परराष्ट्रमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले समाजवादको आधार तयार पार्न परिवर्तनका उपलब्धिको रक्षा गर्नुपर्ने बताउनुभएको छ ।

पार्टीको गण्डकी प्रदेश समितिले बुधबार पोखरामा आयोजना गरेको प्रदेशस्तरीय राजनीतिक वैचारिक प्रशिक्षणमा उहाँले लामो सङ्घर्षपछि प्राप्त उपलब्धिको रक्षा गर्ने प्रमुख कार्यभार पूरा गर्दै समाजवाद उन्मुख लोकतन्त्र स्थापना गर्नु राष्ट्रिय आवश्यकता हो भन्नुभयो । उहाँले लामो सङ्घर्षपछि भएको राजनीतिक उथलपुथलबाट राजनीतिक अधिकारसहित जनताको जीवनस्तरमा समेत सुधार भएको बताउनुभयो । वरिष्ठ उपाध्यक्ष श्रेष्ठले भन्नुभयो, "हामी अहिले समाजवाद उन्मुख चरणबाट गुर्जिरहेका छौँ ।

समाजवादको आधार तयार पार्ने राजनीतिक परिर्वतन र उपलब्धिलाई माध्यम तथा साधन बनाएर सामाजिक आर्थिक रुपान्तरण गर्नुपर्दछ । विकास र समृद्धिमा फड्को मार्नुपर्दछ ।" परम्परागत संसदीय गणन्तन्त्रको रक्षा गर्दै समाजवाद उन्मुख लोकतन्त्र स्थापना गर्नु राष्ट्रिय आवश्यकता रहेको उहाँको भनाइ छ । वरिष्ठ उपाध्यक्ष श्रेष्ठले पार्टी अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले सुशासन र समृद्धिको पक्षमा महत्वपूर्ण काम गरेको र जनतामाझ ती कामको प्रचारप्रसार गरी आवश्यक सुझाव लिन नेता कार्यकर्तालाई आग्रह गर्नुभयो ।

उहाँले नेतृत्व, पार्टीको विचार र राष्ट्र निर्माणको अभियान अगाडि बढाउन व्यक्तिगत स्वर्थभन्दा माथि उठेर क्रियाशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । "कुनै गुट, उपगुट र व्यक्तिगत स्वार्थलाई केन्द्रमा राख्दा देश, पार्टी र कम्युनिष्ट आन्दोलन नै बरबाद हुन्छ । त्यसैले विधि, पद्धति, संस्थागत र सामूहिकताका आधारमा पार्टी सञ्चालन गर्नु अहिलेको आवश्यकता हो । यसमा हामी सबैले योगदान गर्नुपर्छ", श्रेष्ठले भन्नुभयो । पार्टी महासचिव देवप्रसाद गुरुङले जनतासँग माओवादी विशेष रुपान्तरण अभियानले पार्टी निर्माणमा सहयोग पुगेको बताउनुभयो । उहाँले पार्टीले अगाडि बढाएका राजनीतिक, वैचारिक र सामाजिक न्यायसहितका मुद्दाहरूलाई जनतामाझ लिएर सङ्गठ सुदृढीकरणमा लाग्न निर्देशन दिनुभयो ।


माओवादी केन्द्र गण्डकी प्रदेशका अध्यक्ष गायत्री गुरुङले गण्डकीमा पार्टी सङ्गठन विस्तारलाई प्राथमिकता दिएर सङ्गठन सुदृढीकरण र विस्तारका काम भइरहेका जानकारी दिनुभयो ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

कुनै पनि बस्तुका लागि सत्यको बलिदान गर्न सकिदैन् ।
– हरिजन सेवक

## सम्पादकीय

# भाजपाले बहुमत पाएन

भारतीय संसद्को तल्लो सदन लोकसभाका ५४३ सदस्यका लागि भएको निर्वाचन परिणामअनुसार त्रिशंकु संसद् बनेको छ। दसवर्षदेखी बहुमतको सरकार चलाएको भारतीय जनता पार्टीले यसपटक बहुमत गुमाएको छाकुनै पनि राजनीतिक दलको स्पष्ट बहुमत नभएकाले गठबन्धन सरकार बन्ने निश्चित छ। १९ अप्रिलदेखि १ जुनसम्म सात चरणमा भएको निर्वाचनमा क्षेत्रीय दलहरू निर्णायक देखिएका छन् । 'अबकी बार चार सय पार'को नारा अघि सारेको भाजपालाई ठूलो धक्का लागेको छ। उसले सामान्य बहुमतको अंक पनि जुटाउन सकेन। विपक्षी गठबन्धन भाजपालाई एकल बहुमत पुग्नुअगाडि नै रोक्न सफल भएको छ। अर्कोतर्फ चुनावी परिणामलाई लिएर टिभीमा प्रसारित सम्पूर्ण एक्जिट पोल गलत साबित भएका छन् ।

निर्वाचनपूर्व नै भारतीय जनता पार्टी नेतृत्वमा राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडिए) र भारतीय राष्ट्रिय कंग्रेस नेतृत्वको इन्डियन नेसनल डेभलपमेन्टल इन्क्लुसिब अलायन्स (आइएनडिआइए) गठबन्धन बनाएर मैदानमा उत्रेका थिए। यसैका आधारमा भाजपा नेतृत्वको एनडिएले बहुमतको अंक पार गरेको छ। सन् २०१४ र २०१९ मा एकल बहुमत लिएको भाजपालाई सरकार बनाउन बैसाखी चाहिने भएको छ। प्रधानमन्त्री मोदीले यसपटक एनडिए गठबन्धनले चार सय सिटभन्दा बढी जित हासिल गर्ने दाबी गरेका थिए। तर, गठबन्धन तीन सयको अंक भेटाउन पनि असफल भएको छ। निर्वाचनमा ९७ करोड मतदाता थिए। तर, मतदानको प्रतिशत अपेक्षाकृत थिएन। दुई चुनावमा एक्लै बहुमत हासिल भएको भाजपा बहुमतबाट घटेर भारतको सबैभन्दा ठूलो दलमा सीमित भएको छ। भाजपाले सत्ताको दुरुपयोग गरेर विपक्षीमाथि उत्पीडन गरेको आरोप थियो। विपक्षी दलहरूले मोदीको कार्यशैलीको आलोचना गर्दै आएका छन्। ५४३ भारतीय लोकसभामा सरकार गठन गर्न आवश्यक २७२ मत चाहिन्छ। एनडिए गठबन्धनको २९२ सिट छाएनडिए गठबन्धनले सरकार गठन हुनेछ। एनडिए गठबन्धनले प्रधानमन्त्रीका उम्मेदवारका रूपमा नरेन्द्र मोदी अघि सारेको छ।

एनडिए गठबन्धनका सहयोगी दलहरूसँग मिलेर भाजपाले सरकार गठन गर्नेछ। भाजपाले बिहारकेन्द्रित नीतीश कुमार नेतृत्वको जनता दल युनाइटेड र आन्ध्र प्रदेशकेन्द्रित चन्द्रबाबु नायडु नेतृत्वको तेलुगु देसम पार्टीलाई साथमा लिएर सरकार गठन गर्नेछ। सन् २०१४ मा भाजपाले २८२ र सन् २०१९ मा ३०३ सिट जितेको थियो। यसअघि दुवै चुनावमा एनडिए गठबन्धनको सिट संख्या तीन सय नाघेकोमा यसपटक तीन सयभन्दा कम संख्यामा सीमित भएको छ। भाजपाको पकड विस्तार भएको मानिएको उत्तर प्रदेशमा भाजपाले धक्का पाएको छ। समाजवादी पार्टीले प्रभावशाली उपस्थिति देखाएको छ। राम मन्दिरलाई भाजपाले चुनावी एजेन्डा बनाए पनि मतदाताले त्यसमा भोट हालेका छैनन्। मंगलबार मतगणना हुनुभन्दा केही दिनअघि सार्वजनिक भएका एक्जिट पोलमा भाजपा एक्लैले बहुमत हासिल गर्ने र एनडिए गठबन्धनले दुईतिहाइ मत प्राप्त हुने आँकडा सार्वजनिक भएका थिए। तर, पूर्वानुमानविपरीतको चुनावी नतिजा देखिएको छ।

स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरू १५ अगस्ट १९४७ देखि २७ मे १९६४ सम्म १७ वर्ष भारतका प्रधानमन्त्री थिए। नेहरूपछि तेस्रो कार्यकालका लागि मोदी प्रधानमन्त्री हुने भन्दै प्रधानमन्त्री मोदीले यसलाई यस निर्वाचनको महत्वपूर्ण पहेलु भनेका छन्। सुरुमा तत्कालीन प्रधानमन्त्री अटल बिहारी बाजपेयी नेतृत्वमा एनडिए गठन भएको थियो। बाजपेयीकै नेतृत्वमा सन् १९९८ देखि २००४ सम्म भारतमा एनडिए गठबन्धनको सरकार गठन भएको यियो। २००४ मा भारतीय राष्ट्रिय कंग्रेस नेतृत्वको युनाइटेड प्रोग्रेसिभ एलाइन्स (युपिए)मा सरकार गठन भएपछिको दश वर्ष एनडिए प्रतिपक्षमा थियो। सन् २०१४ यता दुई कार्यकालमा बहुमत आए पनि उसले एनडिए साझेदार दललाई सरकारमा सहभागी गराएको थियो। यसपटक एनडिए गठबन्धनमा भाजपासँग तेलगु देसम पार्टी, जनता दल युनाइटेड, पाटली माकाल काची, द रिपब्लिकन पार्टी अफ इन्डिया आठवाले ग्रूप, शिवसेनालगायत छन्। यसपटकको निर्वाचनमा भारतीय राष्ट्रिय कंग्रेसले पछिल्ला दुई लोकसभा चुनावमा भन्दा उत्साहजनक नतिजा हासिल गरेको छ। यद्यपि, कंग्रेसले सयको संख्या पार गर्न सकेको छैन। कांग्रेससहितको गठबन्धन इन्डियामा आबद्ध समाजवादी पार्टी, डिएमकेले पनि विगतका दुई चुनावमा भन्दा उत्साहजनक नतिजा हासिल गरेका छन्। इन्डिया गठबन्धनमा नरहे पनि पश्चिम बंगालकेन्द्रित तृणमूल कंग्रेसले पनि लोकसभामा बलियो उपस्थिति जनाएको छ।

एनडिएले आन्ध्र प्रदेशमा चन्द्रबाबु नायडु र बिहारमा नीतीश बाबुको नेतृत्वमा विजय हासिल गरे भन्दै प्रधानमन्त्री मोदीले आफ्नो सत्तासाझेदारका रूपमा उनीहरूलाई अर्थ्याएका छन्। भारतीय प्रधानमन्त्री मोदीले भाजपा मुख्यालयमा आयोजित कार्यक्रमलाई यो चुनावको पहेलु भन्दै थपे, '१९६२ पछि पहिलोपटक कोही सरकार दुई कार्यकाल पूरा गरेपछि तेस्रोपटक फिर्ता आएको छ। राज्यहरूमा विधान सभाको जहाँ चुनाव भएको छ, त्यहाँ एनडिएको भव्य विजय प्राप्त भएको छ।' अरुणाचल प्रदेश, आन्ध्र प्रदेश, उडिसा, सिक्किममा एनडिए गठबन्धनको सरकार बन्दै छ। नेपालको सीमा जोडिएको उत्तर प्रदेशमा कुल ८० लोकसभा सिटमध्ये अघिल्लो निर्वाचनभन्दा भाजपाले कम्तीमा ३० सिट गुमाएको छ। समाजवादी दलले ३४ सिट थपेको छ। अर्को सीमावर्ती क्षेत्र बिहारमा पनि भाजपाले पाँच सिट गुमाएको छ। कुल ४० सिटमध्ये साझेदार जेडियूले पनि चार सिट गुमाएको छ। तर, इन्डिया गठबन्धनले अघिल्लो निर्वाचनको भन्दा आठ सिट थपेको छ। पश्चिम बंगालमा भाजपाले अघिल्लोपटकभन्दा पाँच सिट र कंग्रेसले एक सिट गुमाएका छन्। कुल ४२ सिटमध्ये तृणमूल कंग्रेसले भने लोकसभामा अघिल्लोपटक भन्दा ६ सिट बढाएको छ। यो निर्वाचन सबैको आत्म समिक्षा गर्ने र जनतासंग संगै हिड्न सकेमा परिवर्तनको अनुभूति हुनेछ।

# स्याङ्जामा विपद् सहायता कक्ष स्थापना



**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २३ जेठ

मनसुन आउनु पुर्व स्याङ्जाले विपद् व्यवस्थापनका लागि जिल्ला विपद् सहायता कक्ष स्थापना गरिएको छ । जिल्ला प्रशासन कार्यालय स्याङजाले मनसुनजन्य विपद् प्रभावितहरुको खोज उद्धार तथा राहत सम्वन्धी छलफलबाट सहायक प्रमुख जिल्ला अधिकारीको संयोजनमा जिल्ला विपद् सहायता कक्ष स्थापना गरिएको हो । गृह मन्त्रालयले जिल्लामा विपद् सहायता कक्ष स्थापना गर्नु भन्ने निर्देशन अनुसार जिल्ला प्रशासन कार्यालय स्याङ्जा उक्त कक्षको स्थापना गरेको प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले जानकारी दिइन् ।

जिल्लाका ११ ओटै स्थानीयतह, सुरक्षा समिति, जिल्ला स्थित उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श, पत्रकार महासंघ र नागरिक समाज लगायतको सहभागितामा बसेको छलफलले जिल्ला विपद् व्यवस्थापन कक्ष सगै सबै पालिकामा पनि विपद् कक्षहरु संचालन गर्ने निर्णय भएको प्रजिअ नेपालले बताइन् । छलफलका क्रममा अहिले सम्म विपद् व्यवस्थापनमा पालिकाले गरेका गतिविधि र आगामी दिनमा गर्न सकिने कामका बारेमा प्रगति विवरण पेश गरेका थिए । गृह मन्त्रालय अन्तर्गत विपद् पूर्वतयारी तथा प्रतिकार्य महाशाखाले दिएको परिपत्र अनुसार मनसुनजन्य प्रकोप आउन अगाडी तयारी अवस्थामा रहन र जनधनको क्षतीको संरक्षण गर्न अपनाउनुपर्ने विधिका बिषयमा सर्तक रहन अनुरोध गरेको थियो।

सोही बमोजिम जिल्ला विपद् सहायता कक्षका लागि सहायक प्रजिअको संयोजनमा र स्थानीयतहमा प्रमुख प्रशासकीय अधिकृतको संयोजनमा समिति गठन गर्ने निर्णय भएको छ । जिल्ला व्यवस्थापन सहायता कक्ष संचालन समितिको सदस्यहरुमा जिल्ला स्थित सुरक्षा निकायका प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी, जिल्ला उद्योग वाणिज्य संघ, पत्रकार महासंघको प्रतिनिधि, नागरिक समाजको प्रतिनिधि रहने र जिल्ला आपतकालिन केन्द्रका प्रतिनिधि सदस्य सचिव रहने छन् ।

मनसुन शुरु हुन लागेकोले यसबाट हुनसक्ने प्रकोपबाट बच्न र बचाउन सबै एकसाथ लाग्नुपर्ने प्रजिअ नेपालको अनुरोध छ । प्राकृति होस वा जुनसुकै विपद् सूचना दिएर आउदैन छलफलमा निर्देशन दिदै प्रजिअ नेपालले भनिन्,'जस्तोसुकै विपद्को सामना र प्रतिकार्यको तयारीमा रहिरहनु होला ।' विपद्का बेला आलटाल, चासो र संवेदनशिल नबनेको देखिएमा कारवाही समेत हुने चेतावनी प्रजिअ नेपालले दिइन् । विपद्का बेला सबैसगँ समन्वय गर्दै हरेक पालिकामा रहेका उद्धारका सामाग्रीहरु तमतयार अवस्थामा राख्न समेत प्रजिअले सहभागीहरुलाई सुझाइन् ।

सहभागीहरुले संयुक्त प्रयासले मात्रै विपद्को सामना गर्न सकिने बताएका थिए । मनसुनजन्य प्रकोपबाट जोगाउन र जोगिन जिल्लाका सबै नागरिक सचेत रहन समेत जिल्ला प्रशासन कार्यालय स्याङ्जाले आग्रह गरेको छ । बाढी पहिरो लगायतका विपद्जन्य अवस्था आएमा नजिकको प्रहरी चौकी वा स्थानीय तहका सहायता कक्षमा खबर गर्न सबै नागरिकहरुलाई सहायक प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् सहायता कक्षका संयोजक दीपक पौडेलले आग्रह गरेका छन् ।

# चुहिने छानामुनि पढ्न बाध्य छन् कुँडेढोरका विद्यार्थी

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ जेठ

उप्किएका भित्ता, जीर्ण झ्यालढोका, मक्किएका काठले छाएको छानो । घामपानी र हावाहुरी नछेक्ने टहरो। हेर्दै जीर्ण भवनमा ओत लागेर पढ्छन्, निसेलढोरका बालबालिका ।

निसीखोला गाउँपालिका-६ निसेलढोरस्थित कुँडेढोर प्राथमिक विद्यालयका विद्यार्थीहरू यस्तै जीर्ण भवनमा पढ्न बाध्य छन् । विसं २०६४ मा स्थापना भएको विद्यालयको हालसम्म भरपर्दो भवन बनेको छैन। ५२ जना विद्यार्थी अध्ययनरत विद्यालयमा शैक्षिक सामग्रीदेखि आधारभूत पूर्वाधारको अभाव छ । तीन वटा विद्यालय भवनमध्ये दुई वटा भवन कच्ची छन्। हावाहुरी र पानी पर्दा कक्षाकोठामा बस्नै मिल्दैन । यो विद्यालय जिल्लाको सबैभन्दा विकटमा पर्छ । बर्खा लागेपछि घुम्ती बसाइमार्फत २५ जना विद्यार्थी थपिन्छन्। पढाउनेक्रममै छानोको फलेककुहिएरझर्नेगरेकोरबर्खामा पानी चुहिने गरेको विद्यालयका निमित्त प्रधानाध्यापक रुद्र विकले जानकारी दिनुभयो।

"विकटमा राज्यको नजर कम पर्दोरहेछ, बालविकास र कक्षा ४ सम्मका विद्यार्थीलाई कक्षाकोठा ठिकै छ तर, कक्षा ५ का विद्यार्थीलाई कक्षाकोठाको अभाव छ", विकले भन्नुभयो, "गाउँपालिकामा भवन निर्माणका लागि बजेट माग गरिरहेका छौं, यसपटक बजेट प्राप्त होला ।" कक्षाकोठा उपयुक्त नहुँदा पठनपाठनमा असहज हुने गरेको कक्षा ५ मा अध्ययनरत छात्रा सृष्टी मगरले बताउनुभयो । "कक्षामा पानी पर्दा चुहिन्छ, हिउँ पर्दा पग्लेर कक्षा कोठा भरिन्छ", मगरले भन्नुभयो। पाँच कक्षासम्म मात्रै पढाइ हुने यहाँका बालबालिका कक्षा छ देखि माथी पढ्न गाउँभन्दा बाहिर जानुपर्ने बाध्यता छ । निसेलढोरमा अस्थायी र स्थायी गरी दुई थरी बस्ती छन्। निसीखोला गाउँपालिकाको विभिन्न स्थानबाट धेरैजसो गर्मीको समयमा यहाँ खेतीपातीका आउँछन् र हिउँदमा बेंसी झर्छन्।

५० घरधुरी भने स्थायीरुपमा निसेलढोरमै बस्छन्। निसीखोला-५ निसीको ज्ञानेन्द्र माध्यामिक विद्यालयलाई २०६४ सालअघिसम्म घुम्ती विद्यालयका रुपमा निसेलढोरमा सञ्चालन गरिएको थियो । विसं २०६४ सालमा सोही विद्यालयको पूर्वाधारमा कुँडेढोर प्राथमिक विद्यालय स्थापना गरिएको हो । निसीखोला-५ निसीबाट सोही वडाको निसेलढोर आउन पाँच घण्टा पैदल हिँड्नुपर्छ।

# रेडियो बाराहीमा ला ग्रान्डीका विद्यार्थीहरुको अवलोकन



**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

पोखराको रत्नचोकमा रहेको ला ग्रान्डीका बिबिए अन्तिम सेमेष्टरका विद्यार्थीहरुद्धारा बुधबार रेडियो बाराही ९९.२ को स्थलगत अवलोकन गरेका छन् ।

सैद्धान्तिकसँगै व्यवहारिक ज्ञानलाई अभिवृद्धि गर्ने उद्देश्यले यस अवलोकन कार्यक्रमको आयोजना गरिएको प्राध्यापक दिपेन्द्र पहारीले बताउनुभयो । विद्यार्थीहरुलाई मिडिया र व्यवस्थापनको अन्तरसम्बन्धका बिषयमा स्थलगत रुपबाटै अवलोकन गराउँदा झन् प्रभावकारी हुने पहारीको भनाई थियो । सो अवलोकनमा रेडियो बाराहीका कार्यकारी निर्देशक रमेश पौडेलले सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रुपमा प्रयोग गरेमात्र विश्व विद्यालयले प्रदान गरेको ज्ञानले सार्थकता पाउने बताउनुभयो । उहाँले व्यवस्थापन बिषय हरेक मामलामा उत्कृष्ट बिषय रहेको भन्दै यसलाई हरेक क्षेत्रमा उपयोग गर्न सक्ने भनाई राख्नुभएको थियो। रेडियो आफैमा एउटा सुचनाको संवाहक रहेको हुँदा अहिलेको समयमा रेडियो आधुनिकता तिर ढल्किदै गई केही परिस्कृत भएको समेत उहाँले बताउनुभयो ।

कार्यकारी निर्देशक पौडेलले पत्रपत्रिका, अनलाइन, रेडियो, टेलिभिजन जस्ता संचारका माध्यममा मिडिया र म्यानेजमेन्टको अन्तरसम्बन्धका बिषयमा आफ्ना अनुभवहरु विद्यार्थी समक्ष राख्नुभएको थियो । उहाँले रेडियोको स्थापनासँगै उपयोग साथै प्रभावकारितामा बारे जानकारी दिनुभएको थियो। सो अवलोकनमा आएका विद्यार्थीहरुले रेडियोसग सम्बन्धित आ-आफ्ना जिज्ञासापनि राखेका थिए। अवलोकनमा बिबिए अन्तिम सेमेष्टरका करिब ३५ जना विद्यार्थी सहित रेडियो बाराहीका कर्मचारीकहरुको सहभागिता रहेको थियो ।

# विश्व वातावरण दिवसमा वर पिपल सारियो

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

५२ औं विश्व वातावरण दिवस विभिन्न कार्यक्रम गरी मनाईएको छ । "हाम्रो भुमि, हाम्रो गौरव" भन्ने नाराका साथ विश्वभर दिवस मनाईएको हो ।

दिवसका अवसरमा कतै वृक्षारोपण त कतैं प्रभातफेरी सहित सचेतना मुलक कार्यक्रम गरिएको छ ।यसै क्रममा बाटुलेचौरमा रहेको ढाँडा पाखा सुन्दर सामुदायिक वन उपभोक्ता समितिले अमलाविसौंनी घार्मी सडक खण्डको ठाँटी नजिकै धार्मिक महत्वको वर र पिपल रोपेको समितिका केशव वस्नेतले जानकारी दिए ।

पोखरामा वर पिपलका चौतारी मासिदै गएको अवस्थामा यसको संरक्षण गर्न र त्यस सडक भएर हिड्ने वटुवालाई शितलता प्रदान गर्न वर र पिपल रोपिएको वनका अध्यक्ष पुष्प अधिकारीले वताए । उनले आगामी दिनमा त्यस क्षेत्रमा आर्कषक चौतारी र खानेपानीको धारा निर्माण गरिने जानकारी दिए ।अधिकारीले भने- "चौतारी र खानेपानीका लागि स्थानिय सरकारको ध्यानाकर्षण गराँउछौं ।"वातावरण संरक्षण अभियन्ता गोविन्द वस्नेतले पुर्खाले वातावरण संरक्षणका लागि वनाएका चौतारा माँसिदै जानु चिन्ताको विषय रहेको वताए । वन उपभोक्ताले त्यस क्षेत्रमा सरसफाई समेत गरेका छन् ।

त्यस्तै विन्ध्यवासिनी माध्यमिक विद्यालय, प्रगति सेकेण्डरी स्कुलले पनि दिवसका अवसरमा सचेतना मुलक प्रभातफेरि गरेका छन। वातावरण संरक्षणका विभिन्न नारा अंकित प्लेकार्ड बोकेका विद्यार्थीले जथाभावी फोहर नफाल्न र घर वरपरको वातावरण स्वच्छ राख्न आग्रह गरेका थिए ।

# पुल नबन्दा लोकमार्गको यात्रा असहज

**पोखरापत्र संवाददाता**
पर्वत, २३ जेठ

पूर्व-पश्चिम जोड्ने पुष्पलाल मध्यपहाडी लोकमार्गको पर्वत खण्डको काम सम्पन्न भएको तीन वर्ष पुगिसक्दा पनि पर्वतमा पर्ने चारवटा खोलामा पुल नबन्दा यातायात सञ्चालनमा समस्या हुँदै आएको छ। पर्वत खण्डअन्तर्गत विभिन्न खोलामा चारवटा मोटरेवल पुल निर्माण गर्नुपर्ने भए पनि अहिलेसम्म एउटा पनि पूरा हुन सकेको छैन।

पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतका अनुसार लोकमार्गको पर्वत खण्डमा रहेका तमादी खोला, सुन्दरेखोला, पातीखोला र मोदी खोलामा चारवटा मोटरेवल पुल निर्माणको तयारी छ। पोखरा-कुश्मा सडक खण्डअन्तर्गत करिब २४ किलोमिटर खण्डमा पर्ने खोलामा पुल निर्माण नहुँदा नियमित यातायात सञ्चालनमा समस्या हुँदै आएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## आवश्यकता

प्रकाशित मिति २०८१ जेठ २० गते

पोखरा महनगरपालिका कार्यालय शिक्षा महाशाखा पार्दीको मिति २०८१ जेठ २० को पत्र संख्या २०८०/ ८१ च.नं ८९६ को पत्र अनुसार यस श्री दिव्य( ज्योति आधारभूत विद्यालय पोखरा-१६ दीपमा रिक्त रहेको विद्यालय सहयोगी पद करारमा नियूक्तिको लागि गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको वि.व्य.स.को मिति २०८१ जेठ २० को निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ । तपसिलमा उल्लिखित योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आबेदनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**
विज्ञापन नं :- १/२०८१ पद :- विद्यालय सहयोगी (करार)
तलब :- प्रचलित नियम अनुसार उमेर :- १८ बर्ष पूरा भइ ४० बर्ष ननाघेको
योग्यता :- साधारण लेख पढ गर्न जान्ने
बान्छनिय योग्यता :- विद्यालयमा आवश्यक पर्ने दर्ता चलानी, फोटोकपी गर्न र बालबालिकाको खाजा तयार गर्न
निबेदनका साथ पेश गनुपर्ने कागजातहरु :-
-हस्त लिखित निबेदन १ प्रति -नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि २ प्रति
-माथिल्लो योग्यता प्राप्त भएको भए सो प्रमाण पत्रको प्रतिलिपि २ प्रति
दरखास्त दिने अन्तिम मितिः- २०८१ असार २ गते साँझ ४.०० बजेसम्म
दरखास्त दस्तुरः- रु ५००।
परीक्षाको किसिमः- मौखिक र प्रयोगात्मक
परीक्षा हुने मिति र स्थानः-सम्पर्क मितिमा तोकिने
सम्पर्क मिति २०८१ असार २ गते ४.०० बजे

**श्री दीव्यज्योति आधारभूत विद्यालय, पोखरा १६ दीप**
सम्पर्क नं प्र. अ ९८४६०२८२६५. र वि. व्य. स अध्यक्ष ९८४६०५९१४६

# ज्ञान गंगा स्कुलमा विश्व वातावरण दिवसमा सरसफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

पोखरा-१४ स्थित ज्ञान गंगा स्कुलले विश्व वातावरण दिवसको अवसरमा सरसफाइ एव विरुवा रोपेर मनाएको छ।

प्रत्येक वर्षको जुन ५ मा मनाइने विश्व वातावरण दिवसका अवसरमा "हाम्रो भुमि, हाम्रो भविष्य" भन्ने यस वर्षको नाराका साथ विश्वभर मनाइएको दिवसलाई विद्यार्थीहरूले वातावरण संरक्षणसम्बन्धी विभिन्न गतिविधिहरू भएका नाराका प्लेकार्ड सहित कार्यक्रममा सहभागिता जनाएका थिए।



विभिन्न समूहमा विभाजित भएका विद्यार्थीहरूले विद्यालय परिसरभित्र र बाहिर सरसफाइ कार्यक्रम गरेका थिए। विद्यार्थीहरूको नियमित सिकाइलाई वातावरणसँग जोडी उनीहरूमा यसको संरक्षण गर्नुपर्छ भन्ने भावनाको विकास गराउने अभिप्रायले विभिन्न नारा सहितको प्ले कार्ड लिई सरसफाई एवं विरुवा रोपेका थिए। उक्त कार्यक्रममा विद्यार्थी एवं शिक्षकशिक्षिकाको सहभागिता रहेको थियो।

# सफलको कुजिन लाइनः सफलमै छ : असली स्वाद

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

सुजल डेरी प्रालिले नेपालमै पहिलोपटक आफ्नो कुजिन लाइन सार्वजनिक गरेको छ।

सफल कुजिन लाइन सफल घिउ, बटर नौनी र पनिरलाई बन्डल गरी बनाइएको सफल ब्रान्डको लाइन हो। जसमा सबै सफलका उत्पादन परिकारमा प्रयोग गर्दा त्यो परिकार स्वादिष्ट र सर्वोत्कृष्ट बन्ने विश्वास कम्पनीले व्यक्त गरेको छ।

'हरेक नेपाली भान्सा र भोजनमा उत्कृष्ट स्वादको अनुभूति दिलाउने र उत्कृष्ट विभिन्न नेपाली कुजिन बनाएका सर्वोत्कृष्ट सेफहरुले प्रयोग गर्दै आएका यी उत्पादनहरुमा




स्वादमात्र नभई महत्वपूर्ण स्वास्थ्य लाभहरु समेत छन्,' सुजल डेरीको विज्ञप्तिमा भनिएको छ, 'विभिन्न परिकार बनाउँदा, दुग्ध पदार्थको आवश्यक पर्छ। धेरै समयदेखि उपभोक्ताहरुले एकै ब्रान्डको विभिन्न दुग्ध उत्पादनको अभाव अनि कमसल गुणस्तरले गर्दा उपभोक्ताहरुलाई असहजता खेप्नुका साथै धेरै समय र मूल्य तिर्नुपर्ने अवस्थालाई चिरेर सुजल डेरीले दुग्ध पदार्थ प्रयोग हुने सम्पूर्ण परिकारको लागि सफल ब्रान्डको पनिर, घिउ, बटर, नौनी, क्रिम एउटा छातामा राखी सजिलै सुलभ अनि उत्तम मूल्यम सम्पूर्ण उपभोक्तहरुलाई प्रस्तुत गरेको छ।' एसले गर्दा ब्रान्डको छनोट, मूल्य अनि गुणस्तरमा ढुक्क हुने अवस्था सिर्जना गरेको कम्पनीको भनाइ छ।

सफल कुजिन लाइनः सफलमै छ असली स्वाद सन्देश लिएर बजारमा आएको हो। 'कुनै पनि परिकार सर्वोत्कृष्ट र स्वादिष्ट हुनमा एक जस्ले परिकार बनाउँछ र अर्को के कस्ता दुग्ध उत्पादनको प्रयोग गरिएका छन्, यी दुबै एकदमै महत्वपूर्ण छन्,' डेरीको विज्ञप्तिमा भनिएको छ, 'सफल कुजिन लाइनका दुग्ध उत्पादन ताजा र स्वस्थ हुनुका साथ साथै एस्को प्रयोग गरी बनाएका परिकारहरु स्वादिष्ट र सर्वोत्कृष्ट बन्ने कुरामा कम्पनी विश्वस्त छ।' कुनै पनि परिकारलाई स्वादिष्ट र सर्वोत्कृष्ट बनाउन चाहिने सम्पूर्ण दुग्ध उत्पादनको जरुरत सफल कुजिन लाइनले आपूर्ति गर्ने कुरा पनि कम्पनीले जनाएको छ। सुजल डेरी आइएसओ २२००० :२०१८ प्रमाणित कम्पनी हो।

# यू-१५ विद्यालय खेलकुद प्रतियोगिता २०८० को तयारी सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

१५ वर्ष मुनी यू-१५ विद्यालय खेलकुद प्रतियोगिता २०८० को तयारी पोखरामा सुरु भएको छ।

राष्ट्रिय खेलकुद परिषदको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनमा यहि जेठ ३० र ३१ गते हुने प्रतियोगिताको तयारी सुरु भएको हो। तयारी स्वरुप गण्डकी प्रदेशको छनौट खेल बिहिबार पोखरामा हुने भएको छ।

विद्यालय यू-१५ प्रतियोगिता अन्तर्गत विभिन्न ६ खेलहरुको छनौट खेल बिहिबार पोखरा रंगशालामा सम्पन्न गर्ने गरी तयारी गरिएको प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले जानकारी दिएका छन्।

प्रतियोगिता अन्तर्गत छात्र/छात्रा बास्केटबल, रग्बी, ब्याडमिन्टन, एथलेटिक्स, टेबुल टेनिस र बुद्धिचाल खेलका गण्डकी प्रदेशका ११ जिल्लाका ४१६ जना खेलाडी र ७१ जना प्रशिक्षक गरी ४८७ जना बुधबार पोखरा आइपुग्ने परिषदका कार्यालय प्रमुख तोपलाल भुसालले बताए।

बुधबार सञ्चालन हुने छनौटबाट विभिन्न ६ खेलका ७६ जना खेलाडी छनौट हुनेछन्। जस अन्तर्गत एथलेटिक्सतर्फ १०० मि, २०० मि, ४०० मि, ८०० मिटर दौड, सटपुट, लङ्गजम्प, र रिले दौडका लागि ६ छात्र र ६ जना छात्रा गरी १२ खेलाडी छनौट हुनेछन्। त्यसै गरी टेबुल टेनिसका लागि छात्र/छात्रा ४-४ जना गरी ८ खेलाडी छनौट हुनेछन्। जस अन्तर्गत छनौट भएका खेलाडीहरुले सिंगल्स, डबल्स, मिक्स डबल्समा प्रतिस्पर्धा गर्नेछन्। यस्तै व्याडमिन्टनका लागि ४-४ जना गरी ८ जना खेलाडीको छनौट हुनेछन्। ब्याडमिन्टनतर्फ सिंगल्स, डबल्स, मिक्स डबल्समा प्रतिस्पर्धा हुनेछ भने बुद्धिचालतर्फ सिंगल्स र टिम इभेन्टमा प्रतिस्पर्धा हुनेछ। बुद्धिचालतर्फ पनि छात्र/छात्रा गरी ८ खेलाडी छनौट हुनेछन्। त्यसै गरी रग्वी छात्र/छात्रातर्फ १०-१० जना र बास्केटबलतर्फ १०-१० खेलाडी छनौट हुने आयोजकले जनाएको छ। परिषदले छनौट हुने कुल ७६ जना खेलाडीहरुलाई २५ देखि २९ गते सम्म पोखरामा बन्द प्रशिक्षणमा राख्ने तयारी समेत गरेको छ। पहिलो पटक आयोजना हुन लागेको राष्ट्रिय यू-१५ प्रतियोगिताको उद्घाटन जेठ ३० गते हुनेछ। प्रतियोगिता अन्तर्गत हुने सबै खेलहरु पोखरा रंगशाला परिशरमा नै सञ्चालन हुने गरी तयारी भइरहेको परिषदले जनाएको छ। विद्यालय यू-१५ राष्ट्रिय प्रतियोगितामा सात प्रदेशका विभिन्न ६ खेलका खेलाडी, प्रशिक्षक र व्यवस्थापक गरी ६३० जनाको सहभागिता हुनेछ।

# गायत्री सिकाई केन्द्रद्वारा स्टेशनरी वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

गायत्री वहुद्धेश्यीय सामुदायिक सिकाई केन्द्रले विभिन्न सामुदायिक विद्यालयलाई स्टेशनरी तथा बादय बादनका सामाग्री वितरण गरेको छ।

दश वर्ष अघि पोखरा १९ लाई कार्य क्षेत्र वनाई स्थापना भएको केन्द्रले त्यस वडाका महेन्द्र मावि, विन्ध्येश्वरी मा.वि र भारती भवन मा.विलाई स्टेशनरी तथा वाद्य वादनका सामाग्री वितरण गरेको सचिव बैकुण्ठ पौडेलले जानकारी दिए। महेन्द्र मा.वि घार्मीमा आयोजित कार्यक्रममा केन्द्रका अध्यक्ष शोभामोहन पौडेल, केन्द्रका सामाजिक परिचालक पवित्रा पौडेलले विद्यार्थीका लागि आवश्यक स्टेशनरी र मादल विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बैकुण्ठ



पौडेल र प्रधानाध्यापक बासुदेव पौडेललाई हस्तान्तरण गरे।

कार्यक्रममा वोल्दै पुर्व वडाध्यक्ष समेत रहेका पौडेलले ग्रामिण क्षेत्रमा रहेका विद्यालयमा विद्यार्थीको आर्कषण बढाउन केन्द्रले अभियान नै संचालन गरेको वताए।विद्यालयका अध्यक्ष बैकुण्ठ पौडेलले केन्द्रले शैक्षिक सुधारमा मात्र नभई वडाभित्रका सामाजिक तथा नेतृत्व विकासमा समेत भुमिका खेलेको भन्दै प्रशंसा गरे। कार्यक्रममा प्रधानाध्यापक बासुदेव पौडेल, सह प्रधानाध्यापक नन्दराज दाहाल लगायतले केन्द्रले गरेको सहयोगले ठुलो अर्थ राख्ने वताए। केन्द्रले यसअघि पनि त्यस वडाका सवै सामुदायिक विद्यालयलाई शैक्षिक क्रियाकलापका लागी नगद हस्तान्तरण गरेको थियो। संस्थाले त्यहाँका आमा समुहलाई नेतृत्व तथा भाषणकला तालिम समेत दिएको थियो।

# घट्न थाले अन्नपूर्ण पदमार्गमा पर्यटक

**पोखरापत्र संवाददाता**
लमजुङ, २३ जेठ

पाँच जिल्ला जोडिएको पर्यटन क्षेत्रमा महत्वपूर्णमध्ये एक मानिने अन्नपूर्ण पदमार्गमा पछिल्लो समय पर्यटक घट्न थालेका छन्। यहाँ दुई सय ५० को हाराहारीमा दैनिक पर्यटक आउने गरेकामा वर्षा सुरु हुन थालेपछि १५-२५ जना मात्र आउन थालेका मनाङको धारापानीस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्रले जनाएको छ।

वर्षा सुरु हुन लागेपछि यहाँ यतिबेला दैनिक १५ देखि २५ जनासम्म पर्यटक आउने गरेका केन्द्रका प्रमुख भूपेन्द्र गुरुङले बताउनुभयो। उहाँले भन्नुभयो, "केही साताअघिसम्म दुई सय ५० जना आउने गरेकामा उक्त सङ्ख्याबाट घटेर दैनिक ४०/५० को हाराकारीमा आएको थियो। त्यो सङ्ख्या पनि घट्ने क्रममा छ।" मङ्गलबार पदमार्गका लागि नौ जना मात्र पर्यटक आएका गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार यो सङ्ख्या पनि अझै घट्दै पाँच/छ जनामा आउन सक्नेछ। भदौ लागेपछि पुनः पर्यटककीय चहलपहल सुरु हुने भन्दै भदौअघि पर्यटक आगमन कम हुँदै जाने उहाँको भनाइ छ। विगतमा यस पदमार्गमा दैनिक पाँच/छ सय पर्यटक आउने गर्दथे। कोरोना महामारीपश्चात् थलिएको यस क्षेत्रको पदमार्गमा महामारीपछि पुरानो गतिमा पर्यटक आगमन हुन सकेको छैन। विदेशी तथा आन्तरिक पर्यटकको चहलपहल हुने यस पदमार्गमा पर्यटक घट्न थालेसँगै पदमार्गसँगै आसपासका होटल, रेष्टुरेन्टहरू समेत सुनसान हुन थालेका पर्यटन व्यवसायीको भनाइ छ। लमजुङ मर्स्याङ्दी गाउँपालिका-४ च्याम्चेका पर्यटन व्यवसायी बाबुराम तामाङले पर्यटक आगमन भइरहँदा दैनिक रु ३०-४० हजार आम्दानी हुने भन्दै यतिबेला पर्यटक घट्दा रु पाँच-१० हजार मात्र हुने गरेको बताउनुभयो। बर्खा लागेपछि झन आम्दानी ठप्प हुने उहाँको भनाइ छ। पर्यटन व्यवसायी पच्चबहादुर गुरुङले भन्नुभयो, "तीनदिन अघिसम्म केही पर्यटक होटलमा आएपनि सोयता व्यापार ठप्पै भएको छ।" यस वर्षको पर्यटनको याममा रु १० लाख आम्दानी भएको जनाउँदै उहाँले वर्षाभरि सोही रकमले घरखर्च चलाउने बताउनुभयो। उहाँका अनुसार भदौ लागेपछि पुनः पर्यटक आगमन हुने र व्यापार व्यवसाय चलायमान हुनेछ।

बर्खा लागेसँगै बाटो अप्ठ्यारो, बाढी पहिरो आउनेलगायत समस्या हुने भएकाले पर्यटक ठप्प हुने केन्द्रले जनाएको छ। केन्द्रका प्रमुख गुरुङले सन् २०२४ को जनवरीदेखि जुन ४ सम्म यस पदमार्गमा १० हजार दुई सय ७९ जना विदेशी पर्यटक आएका छन्। उक्त अवधिमा आएका पर्यटकमध्ये सबैभन्दा धेरै फ्रान्सका एक हजार ४९, इजरायलका आठ सय ३१, जर्मनीका सात सय ७१, चाइनाका छ सय ९६ रहेका उहाँले जानकारी दिनुभयो। सन् २०२३ को जनवरी १ देखि जुन ४ तारिखसम्म नौ हजार दुई सय ४१ जना पर्यटक आएका थिए। पर्यटकहरू हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको संस्कृति, परम्परा र रहनसहन, प्राकृतिक सुन्दरता हेर्ना साथै मनाङबाट मुस्ताङ, कोही पोखरा जान अन्नपूर्ण पदमार्गमा आउने गर्दछन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेंसीसहर नगरपालिका-७ मनाङ्गे चौतारमा छ। पदमार्गमा लमजुङसहित कास्की, मनाङ, मुस्ताङ र म्याग्दी गरी पाँचवटा जिल्ला जोडिएको छ। काठमाडौं हुँदै सवारीसाधनमा लमजुङ बेंसीसहरमा पर्यटक आउने गर्दछन्। यस पदमार्गमा विगतको तुलनामा कोरोनापश्चात् कम पर्यटक आगमन हुन थालेका छन्। आर्थिक मन्दी, पदमार्ग जीर्ण, सडकले केही ठाउँमा पदमार्ग मासिनुलगायत कारणले कम पर्यटक आएका हुन सक्ने पर्यटन व्यवसायी बताउँछन्।

# एसओएस गण्डकीमा सरसफाइ र वृक्षरोपण



**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

पोखराको रामबजारस्थित एसओएस हर्मन माइनर विद्यालय गण्डकीमा विश्व वातावरण दिवस मनाइएको छ।

विश्व वातावरण दिवसका उपलक्ष्यमा विद्यालयमा एक विशेष कार्यक्रम आयोजना गरी उक्त दिवस मनाइएको हो। प्रत्येक वर्षको जुन ५ मा मनाइने विश्व वातावरण दिवसका सन्दर्भमा यस वर्षका लागि तय गरिएको 'भूमि पुनःस्थापना, मरुभूमीकरण र खडेरी नियन्त्रण' भन्ने मूल नाराको आदर्शमा केन्द्रित रहेर विद्यार्थीहरूले वातावरण संरक्षणसम्बन्धी विभिन्न गतिविधिहरू सञ्चालन गरेको विद्यालयका सहप्रधानाध्यापक वीर सिंह बूढाले बताए। विश्व वातावरण दिवसकै उपलक्ष्यमा विद्यालय परिसरभित्रका फरक-फरक स्थानमा अशोका, धूपीलगायतका बिरुवासमेत लगाइएको विद्यालयका अर्का सहप्रधानाध्यापक प्रभास पौडेलले जानकारी दिए। विद्यार्थीहरूको नियमित सिकाइलाई वातावरणसँग जोडी उनीहरूमा यसको संरक्षण गर्नुपर्छ भन्ने भावनाको विकास गराउने अभिप्रायले सरसफाइसँगै वृक्षरोपण कार्यक्रम आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले बताए। विश्व वातावरण दिवसका उपलक्ष्यमा विद्यालयले आयोजना गरेको कार्यक्रममा सहभागी भएर आफूले कक्षाकोठामा पढेका कुरालाई प्रयोगात्मक रूपमा अनुभूत गर्न पाउँदा खुसी लागेको प्रतिक्रिया दिइन् कक्षा ९ मा अध्ययनरत छात्रा प्रजिशा गौतमले। सरसफाइ कार्यक्रममा विद्यालयका विद्यार्थीका अतिरिक्त शिक्षक तथा कर्मचारीको स्वतःस्फूर्त सहभागिता रहेको थियो।

# प्रदेश स्तरिय चौथो आइटिएफ तेक्वान्दो प्रतियोगिता हुदै

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

यहि जेठको अन्तिम हप्ता प्रदेश स्तरिय चौथो आईटिएफ तेक्वान्दो प्रतियोगिता हुने भएको छ। प्रदेश खेल्कुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश तेक्वान्दो संघको सहआयोजनामा हुने उक्त प्रतियोगिता जेठ २५ र २६ गते तनहुँको भिमादमा हुने प्रदेश सदस्य तथा कार्यक्रम व्यवस्थापक विशाल बुढामगरले जानकारी दिए।

उनका अनुसार प्रतियोगितामा ३६ स्वर्ण, ३६ रजत र ७२ काश्य गरि १ सय ४४ पदकका लागि पुरुष स्पाईरिङ तर्फ २० देखि ८५ केजि तौल समुहमा प्रतिस्पर्धा हुने छ भने महिला तर्फ २० देखि ६५ केजि समुहमा प्रतिस्पर्धा हुने छ।

त्यसैगरि महिला तथा पुरुष प्याट्रन तर्फ हरियो,निलो,रातो कलर वेल्ट तथा प्रथम,दोस्रो र तेस्रो डान समुहमा प्रतिस्पर्धा हुने छ। तनहुँ, बाग्लुङ, कास्की, पर्बत, स्याङ्जा, नवलपुर, लमजुङ लगाएत सात जिल्लाका खेलाडीहरुले सहभागिता जनाउदै छन्। प्रत्येक सहभागि जिल्लाबाट ३० जना खेलाडी र प्रशिक्षक तथा अफिसियल गरि २ सय ५० भन्दा बढीको सहभागिता हुने छ।

प्रतियोगिताले ग्रामिण क्षेत्रमा खेलकुदको विकास र विस्तारले महत्वपुर्ण भुमिका खेल्ने प्रदेश उपाध्यक्ष आकाशचन्द्र घर्तीमगरले विश्वास व्यक्त गरे। उनले यो पटक भिमादमा हुने प्रदेश स्तरिय कार्यक्रमले यहाँका विभिन्न पर्यटकिय गन्तव्यहरुलाई खेलकुदका माध्यमबाट पर्यटनसंग जोड्ने बताए। कार्यक्रम प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर सरमाले उद्धघाटन गर्ने छन् भने औपचारिक समापन भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले गर्ने आयोजकले जनाएको छ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. ०७ एकता र अन्नपूर्ण टोलको पानी निकास निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः एकता टोल पानी निकास र अन्नपूर्ण टोल लेन नं. १
ठेगानाः पोखरा-०७
योजना सम्झौता मितिः २०८०/१०/२२ गते
योजना शुरु मितिः २०८०/१०/२३ गते
योजना सम्पन्न भएको मितिः २०८१/०१/२३ गते
योजनाको कुल लागतः रु. ६,६६,८५५/७८
महानगरपालिकाबाटः रु. ६,००,०००/-
उपभोक्ता समितिबाटः रु.६६,८५५/-७८
जम्मा खर्च : रु ६, ५१, ०७६/६३
उपभोक्ता समिति अध्यक्षः कृष्ण प्रसाद सापकोटा
सचिवः सावित्रा लम्साल आचार्य, कोषाध्यक्षः सम्झना रेग्मी
अनुगमन समितिः संयोजक ध्रुव रेग्मी

**एकता टोल पानी निकास र अन्नपूर्ण टोल लेन नं. १ उपभोक्ता समिति पोखरा-७**